आ.ब. २०७७/०७८ को

# बार्षिक बजेट तथा कार्यक्रम

दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ
५ नं. प्रदेश, नेपाल

सभा अध्यक्ष महोदय,

स्थानीय सरकार गठन भए पश्चात कोभिड १९ संक्रमणको विषम परिस्थितिका वीच आ . व. ०७७।०७८ को वजेट प्रस्तुत गर्न उभिएको छु ।यस घडीमा लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभन्न समयमा भएको आन्दोलनमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरु तथा निरङ्कुशता विरुद्ध जीवन पर्यन्त संघर्ष गर्नु हुने दिवङ्गत नेताहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को संक्रमणका कारण विश्वले एकैपटक मानवीय तथा आर्थिक संकट सामना गरिरहेको अवस्थामा हाम्रो गाउँपालिका पनि उक्त प्रकोपबाट अलग रहेको छैन । स्वास्थ्य संकटबाट उत्पादन व्यापार र आयआर्जनमा प्रत्यक्ष असर पर्न गएको सर्वविदितै छ ।

मैले गाउँपालिकाको वजेट प्रस्तुत गरिरहदा कोरोनाको संक्रमणबाट नागरिकको जीवन रक्षा गर्ने र विकासका क्रियाकलापलाई गतिशिल बनाउने गहन जिम्मेवारी बोध गरेको छु । विगत दुई वर्षको प्रयासबाट हासिल भएका उपलब्धीको जगमा टेकेर विकास र समृद्धिको यात्रालाई तिव्रता दिने मार्गमा कोरोना महामारीका कारण असर परेको छ ।तथापी यस विषम परिस्थितिमा सबै राजनीतिक दल जनप्रतिनिधि संघसंस्था र आमनागरिकको सहयोगले वर्तमान चुनौतीको सामान गर्न सकिन्छ भन्नेमा गाउँपालिका विस्वस्त छु ।

आगामी वजेट नयाँ परिस्थितिले सिर्जना गरेको चुनौतीलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित हुने छ ।यस अवस्थामा नागरिकको जीवन रक्षा गर्ने भविश्यप्रति आधारयुक्त आशा जगाउने र गाउँपालिकालाई विकासको बाटोमा लैजाने गरी वजेट तर्जुमा गरेको छु ।

वजेट तर्जुमा गर्दा मैले मूलत नेपालको संविधान र कानुनहरु नेपाल सरकारको नीति तथा कार्यक्रम पन्ध्रौं आवधिक योजना दिगो विकास लक्ष्य , दंगीशरण गाउँपालिको नीति तथा कार्यक्रम, विनियोजन विधेयक २०७७ को सिद्धान्त, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, राजश्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समितिको सुझाव, विषयगत शाखाको राय, संघ संस्था एवं, विभिन्न वर्ग समुदाय र विज्ञहरुको सुझाव समेतलाई ध्यान दिएको छु ।

**सभाअध्यक्ष महोदय,**

अब म चालु आवको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

.कोभिड १९ को संक्रमणका कारण देशका अन्य भुभाग तथा विदेशबाट आएका नागरिकलाई क्वारेन्टाइटनमा राखी संक्रमण भए नभएको जाँच गरेर मात्र घर पठाउने नेपाल सरकारको नीति अनुसार वीरेन्द्र मावि हेकुली र सिद्धपृथ्वीजनता मावि श्रीगाउँमा क्वारेन्टाइन सञ्चालनमा ल्याइएको छ। हालसम्म भारत तथा तेश्रो मुलुकबाट आएका २ सय ८० जनालाई क्वारेन्टाईनमा राखिएकोमा १ सय ९१ जनाको पिसिआर प्रविधिबाट कोरोना भाईरसको परिक्षण गरी नेगेटिभ रिपोट आएकोले डिस्चार्ज गरिएको छ भने आजको मितिमा जम्मा ८९ जना मानिसहरु क्वारेन्टीनमा बसीरहेका छन् ।

आजको मिति सम्म हाम्रो गाउँपालिकाका कसैमा पनि कोरोना संक्रमण देखिएको छैन यो हाम्रा लागि खुसी र गौरवको विषय हो ।

कोभिड १९ को संक्रमणका कारण लकडाउनको समयमा रोजगारी गुमाएका तथा विपन्न ७ सय ५९ घर परिवारका २ हजार ८ सय ६५ सय जनालाई दुई चरणमा राहात वितरण गरिएको छ।

स्वास्थ्य संस्थाहरुको संस्थागत विकासका लागि हेकुली गोलटाकुरी र स्वास्थ्य चौकीलाई एक।एक वटा एम्बुलेन्स उपलब्ध गराइएको छ ।

साना सिचाई विशेष कृषि कार्यक्रम अन्तर्गत निर्माण सहयोग, टर्नेल वितरण, तरकारी विउ, आलु, धानको विउ गरी कृषकहरुलाई व्यवसायीकरणमा सहयोग गरियो । आलु, तथा मकै वालीमा फैलिएको महामारीको रोकथाम नियन्त्रण गरियो ।

पशु विकास कार्यक्रम अन्तर्गत ट्रेभिज निर्माण, बोयर बोका वितरण, बंगुरका पाठा वितरण, मुख्य मन्त्री ग्रामिण विकास कार्यक्रम अन्तर्गत १४ वटा समूहमा १ हजार चार सय उन्नत जातका कुखुरा वितरण तथा २ हजार ७ सय पचासी परिवारका ४ हजार ७ सय पचास पशुपंछीको उपचार, २ सय ६५ घर परिवारका ८ सय ७० पशुचौपायको उपचार, २ सय कुकुरलाई रेविज विरुद्धको खोप दिइएको छ।

विद्यालयमा भवन शौचालय घेराबार लगायतका कार्यक्रम सञ्चालन गरी सिकाइ वातावरणको निर्माण गर्ने कोशिस गरिएको छ । जहाँ विद्यार्थी त्यहाँ शिक्षक भन्ने अवधारणलाई कार्यान्वयन गर्न दरबन्दी मिलान तथा शिक्षण सहयोग अनुदानको व्यस्था गरी न्युनतम जनशक्ति व्यवस्थापनमा सहयोग पुर्याइएको छ । यसै गरी २०७६ को शैक्षिक सत्रबाट सिद्ध पृथ्वी जनता माध्यामिक विद्यालय श्रीगाउँमा माध्यामिक तहमा प्राविधिक धार अन्तर्गत वाली विज्ञानको कार्यक्रम शुरु भएको छ यसबाट प्राविधिक सीप आर्जन गरी स्वरोजगार बन्ने अवसर सिर्जना भएको छ ।

स्थानीय सरकार सञ्चालनमा आए यता शैक्षिक सेवा प्रवाह गाउँपालिकाबाटै हुँदा र विद्यालयको नजिकै स्थानीय सरकार हुँदा विद्यार्थी भर्नामा वृद्धि र विद्यालयमा शिक्षक र विद्यार्थीको नियमिततामा सुधार आएको छ । जसबाट सिकाइ वातावरण क्रमश सुधार हुँदै गएको छ ।

थारु कल्चरल भिलेज, बहुउद्देश्यीय सभाहल, सित भण्डार केन्द्र, दमारगाउँ गोल्टाकुरी सडक, हेकुली विरेन्द्र स्कूल चौकदेखि चिरेगारसम्मको कालोपत्रे, हेकुली चौकदेखि बालुवा सडक कालोपत्रे, डाँडागाउँ वडा कार्यालयदेखि पोटली डवराहुँदै हेकुली सडकसम्म कालोपत्रे, बागरदेखि दामोदर सडक कालोपत्रे, लगायतका ठुला आयोजनाहरु ठेक्का प्रक्रियामा गई निर्माण कार्य शुरु भएको छ ।

चालु आ.ब.मा पूर्वाधार विकास तर्फ ६ किलोमिटर ग्राभेलिङ, ५ किलोमिटर ५ सय मिटर नयाँ ट्र्याक निर्माण, १३ वटा कल्भर्ट, सिचाईको लागि २ किलोमिटर पक्की कूलो, विभिन्न स्थानमा गरी दुई किलोमिटर पर्खाल, निर्माण गरेका छौ भने ७ वटा प्रशासनिक भवनहरु निर्माण भएका छन् ।

यस आ.ब.मा दंगीशरण गाउँपालिकाको न्यायिक समितिमा २७ वटा मुद्दा दर्ता भएको ८ वटा मुद्दाको मिलापत्र भएको छ भने बाँकी मुद्दाहरुका विषयमा छलफल भई रहेको छ ।

प्रधानमन्त्री राजेगार कार्यक्रमबाट चालु आ.ब. मा कामका लागि पारिश्रमिकमा आधारित आयोजना अन्तर्गत करिक १ हजार जना बेरोजगारहरुलाई रोजगारी प्रदान गरिएको छ ।

संस्थागत विकासतर्फ गाउँपालिका तथा वडा कार्यालयमा इन्टरनेट जडान गरिएको छ जसबाट सेवा प्रवाहमा प्रविधिको प्रयोग गरी सेवा प्रभावलाई प्रभावकारी बनाउन सहयोग पुगेको छ ।

चालु आ. व. मा गाउँपालिकाले एक वटा ट्रयाक्टर र १ वटा डोजर खरिद गरी पूर्वाधार विकासमा आफ्नै स्रोत साधन प्रयोग गरिरहेको छ । त्यसैगरी सहुलियत दरमा डोजर ट्रेक्टर प्रयोग गर्न जनतालाई सुविधा प्रदान गरिएको छ ।

**अध्यक्ष महोदय,**

दंगीशरण गाउँपालिका प्रशस्त सम्भावना बोकेको गाउँपालिका हो । यद्यपि हालसम्म संभावनाहरुलाई यथार्थमा रुपान्तरण गर्न नसकिएको नमिठो इतिहास हामीसँग छ । आफ्ना स्रोत र संभावनाको खोजी गरी त्यसको प्रभावकारी व्यवस्थापन र परिचालन मार्फत समृद्धि हासिल गर्ने दिशामा हामी रहेका छौ ।

दंगीशरण गाउँपालिकाको सम्वृद्धिको अभियानमा वडा समिति, गाउँकार्यापलिका वा गाउँसभा मात्र प्रयाप्त छैनन । यी त अङ्ग मात्र हुन, जुन प्रतिनिधिमूलक रुपमा स्थापित छन् । हाम्रो शासन सञ्चालनको आधार आम दंगीशरणवासी जनता हुन् । तसर्थ दंगीशरण गाउँपालिकाले ल्याएको बजेटको सफल कार्यान्वयनको माध्यमद्वारा आम जनताका अपेक्षाको संवोधन गर्न दंगीशरण गाउँपालिकावासी जनताहरुको साथ, सहयोग र हौसलाको अपेक्षा गरेको छु । यसका साथै सम्पूर्ण राजनैतिक दल, बुद्धिजीवी, समाजसेवी, विभिन्न पेसा व्यवसायी, पत्रकार तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारी समेतको सकारात्मक सहयोग रहनेछ भन्ने विश्वास लिएको छु ।

दंगीशरण गाउँपालिका प्रसस्तै सम्भावना र अवसरहरु बोकेको गाउँपालिका हो । यी सम्भावना र अवसरहरुलाई मुर्तरुप दिनु हाम्रो प्रमुख दायीत्व रहेको छ । प्रसस्तै सम्भावना हुँदा हुँदै पनि हाम्रा सामु विद्यमान चुनौती तथा अबसरहरु रहेका छन् ।

**अवसर तथा चुनौतीः**

**अबसरः**

- संविधानद्धारा नै स्थानीय तहको अधिकारको सुनिश्चितता हुनु ।
- आम जनतामा परिबर्तित राजनीतिक संरचना र शासकीय स्वरुप प्रति उमङ्ग, आशा र उत्साह अभिबृद्धि हुनु ।
- दंगीशरण गाउँपालिकामा उर्वर जमिन, जलस्रोत, वन, खानी, जैविक विविधता एवम अनुपम भौगोलिक सुन्दरता जस्ता प्राकृतिक स्रोतको उपयोग मार्फत समृद्धि हासिल गर्ने सम्भावना रहनु ।
- आर्थिक रुपमा सक्रिय जनसङ्ख्याको अनुपात प्रचुर मात्रामा रहनु ।
- गाउँपालिका भित्र रोजगारीका आबसरहरु बृद्धि हुदै जानु ।
- जनताले वैज्ञानीक एवम व्यवसायीक कृषि प्रणाली अवलम्वन गर्दै जानु ।
- गाउँपालिकाको आन्तरिक राजस्वको दर तथा दायरा बढ्दै जानु ।
- गाउँपालिका क्षेत्रमा साना, मझौला तथा ठुला उद्योग व्यवसायमा लगानीकर्ताको आकर्षण बढ्दै जानु ।
- गाउँपालिकाका अधिकांस क्षेत्रहरु सडक तथा सञ्चार सञ्जालभित्र आवद्ध रहनु ।

**चुनौतीः**

- कोरोना भाईरस महामारी नियन्त्रण गर्ने ।
- दंगीशरण गाउँपालिकाको द्रुततर आर्थिक बृद्धि गरी त्यसको न्यायोचित वितरण गर्ने ।
- आर्थिक, सामाजिक लगायत सम्पुर्ण असमानताको न्यूनीकरण गरी समतामुलक समाजको निर्माण गर्नु ।
- आर्थिक क्षेत्रको सघन विस्तारमार्फत गाउँपालिका क्षेत्रमा रोजगारीका अवसरहरुको सिर्जना गर्नु ।
- निर्वाहमुखी कृषि प्रणालीलाई रुपान्तरण गरी प्रतिस्पर्धि एवम व्यवसायमुखी बनाउनु ।
- विकास क्रियाकलापहरुलाई एकीकृत एवम वातावरणमैत्री बनाउनु ।
- स्थानीय उद्योग धन्दाको विस्तारमार्फत गरिवीको सघनता न्यूनीकरण गर्नु ।
- सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो र विश्वसनीय बनाउनु ।

**बजेटको उद्देश्यहरुः**

- संविधानले निर्दिष्ट गरे बमोजिम स्थानीय तहको कार्यान्वयन गर्ने ।
- सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउने ।
- दंगीशरणबासी जनताको आर्थिकस्तर बृद्धिमा सघाउ पुचाउने ।
- सामाजिक न्यायसहितको समतामुलक समाजको स्थापना गर्ने ।
- विकासका पूर्वाधारहरुको निर्माण र सवलीकरण गर्ने ।
- वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा सहयोग पुचाउने ।
- रोजगारी सिर्जना गर्ने
- आम जनताका अपेक्षाहरुको संवोधन गर्ने ।

- कृषिको व्यवसायीकरण गर्ने ।
- साँस्कृतिक धरोहरहरुको संरक्षण एवं प्रबर्द्धन गर्ने ।
- कोरोना भाईरस नियन्त्रण गर्ने

**बजेटका प्राथमिकताका क्षेत्रहरुः**

- कोभिड १९ नियन्त्रण गरी जनताको जिवान रक्षा गर्ने
- पूर्वाधार विकास
- सामाजिक तथा आर्थिक विकास
- सुशासन तथा संस्थागत क्षमता विकास
- कृषि र पशुपालन
- वातावरण तथा विपद् व्यवस्थापन
- रोजगारी सिर्जना
- खानेपानी तथा सरसफाई
- पर्यटन तथा सांस्कृतिक संरक्षण
- सहकारी तथा उद्यमसिलशता

**अध्यक्ष महोदय,**

अब म यस गाउँपालिकाको आ.ब. २०७७/०७८ को अनुमानित आय विवरण पेश गर्न चाहन्छु ।

सर्वप्रथम संघिय सरकारको बजेट मार्फत दंगीशरण गाउँपालिकालाई बित्तिय समानीकरण अनुदान अन्तर्गत रु ९ करोड ४७ लाख, सशर्त अनुदान अन्तर्गत रु. १३ करोड ५३ लाख, राजश्व वाडफाड बाट रु. ६ करोड ७० लाख ८५ हजार ४ सय रुपै प्राप्त भएको छ ।

प्रदेश सरकारबाट बित्तिय समानीकरण अनुदान अन्तर्गत रु. ५० लाख ७९ हजार, प्रदेश सशर्त अनुदान अन्तर्गत रु. १ करोड ४८ लाख ५० हजार, प्रदेश सरकार विशेष अनुदान १ करोड १० लाख, प्रदेश राजश्व बाडफाड तर्फ रु. २९ लाख ५० हजार रकम प्राप्त भएको छ ।

आन्तरिक आय तर्फ रु. ८० लाख, राजिष्ट्रेशन शुल्कबाट १० लाख, अन्य तहबाट प्राप्त अनुदान ५ हजार अनुमान गरिएको छ भने चा.लु आ.ब. बाट बचत हुने रु. ६ करोड अनुमान गरेको छु ।

यसरी आ.ब. २०७७/०७८ को दंगीशरण गाउँपालिकाको अनुमानित कूल आय रु. ३९ करोड ९० लाख १४ हजार ४ सय रुपैया प्रक्षेपण गरेको छु ।

आन्तरिक आय तर्फ राजश्व परामर्श समितिको बैठक बसी आर्थिक वर्ष २०७७०७८ का लागि अन्य सबै करका दरहरु यथावत राखिएको छ । साथै उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनाहरुको हकमा कूल बजेटको २० प्रतिशत रकम जनसहभागिताबाट व्यहोर्ने व्यवस्था गरेको छु ।

**अध्यक्ष महोदय,**

अब म आ.ब. २०७७/०७८ को व्यय विवरण पेश गर्न चाहन्छु ।

दंगीशरण गाउँपालिकाको दैनिक कार्य सञ्चालन तथा अन्य प्रशासनिक कार्य, पदाधिकारी तथा कर्मचारीको तलब भत्ता प्रचलित कानून बमोजिम हुने गरी विनियोजन गरेको छु ।

संघ तथा प्रदेश सरकारबाट यातायात पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, कृषि, पशुसेवा, महिला विकास, उर्जा, वातावरण, श्रम तथा रोजगारी, यूवा तथा खेलकुदका लागि तय भई आएका सशर्त अनुदान तथा विशेष अनुदान रकम सोही रुपमा खर्च गर्ने गरी विनियोजन गरेको छु । माथि उल्लिखित प्राथमिकता तथा विषयक्षेत्रका आधारमा आर्थिक वर्ष २०७७७८ को बजेट प्रस्तुत गर्न चाहान्छु ।

**क) आर्थिक विकासः**

दंगीशरण गाउँपालिकाबाट आर्थिक विकासका लागि विभिन्न क्षेत्रमा गरी १ करोड ६२ लाख ६७ हजार रकम विनियोजन  गरेको छु ।

**१. कृषिः**

दंगीशरण गाउँपालिकाको कृषि विकासका लागि सशर्त बाहेक ५० लाख  विनियोजन गरेको छु ।

**२. पशु विकास**

दंगीशरण गाउँपालिकालाई पशु विकासको पकेट क्षेत्रको विकास गर्नका लागि ५० लाख रकम विनियोजन गरेको छु ।

**३. पर्यटन**

सम्पदाको संरक्षणः पर्यटन प्रवर्द्धधन अन्तर्गत पर्यटकीय दृष्टिले महत्वपूर्ण सम्पदाहरुको संरक्षण र सम्बर्द्धधन तथा पर्यटन विकासका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**४. सहकारीः**

स्थानिय स्तरमा रहेको श्रम, सिप, पुँजी र प्रविधिको विकास र विस्तार गर्न सहकारी क्षेत्रको लागि प्रयाप्त रकम विनियोजन गरेको छु ।

**ख) सामाजिक विकासः**

सम्बृद्धिको आधारः सामाजिक विकास अन्तर्गत यस क्षेत्रमा कूल १ करोड ९८ लाख १० हजार रुपैया विनियोजन गरेको छु ।

**१. शिक्षाः**

दंगीशरण गाउँपालिकाको शैक्षिक विकासका लागि कूल ७५ लाख रकम विनियोजन गरेको छु । यसमा नियमित प्रकृतिका तलब भत्ता तथा प्रशासनिक खर्चहरु समेत संलग्न गरिएको छ । यसै वर्ष .अन्य विद्यालयहरुको समेत भौतिक पूर्वाधार सुधारका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**२. स्वास्थ्यः**

**स्वास्थ्य नै धन होः स्वास्थ्य नै जीवन हो त्यसैले** दंगीशरण गाउँपालिकाको स्वास्थ्यको लागि जम्मा ७५ लाख रुपैया विनियोजन गरेको छु । गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाका लागि आवश्यक रकम विनियोजन गरेको छु । नेपाल सरकारले निशुल्क उपलब्ध गराउँदै आएका ३५ प्रकारका औषधिको अतिरिक्त थप औषधी

निशुल्क उपलब्ध गराउने उद्देश्य सहित सर्जिकल सामाग्री, ल्याव उपकरण तथा औषधि खरिदका लागि समेत आवश्यक रकम विनियोजन गरेको छु । यस आ.ब.मा प्रत्येक वडाहरुमा स्वास्थ्य चौकी स्थापनका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।

**३. खानेपानी तथा सरसफाई:**

गाउँपालिका क्षेत्रमा स्वच्छ तथा सहज रुपमा खानेपानीको प्रबर्द्धन गर्न तथा सरसफाईका लागि आवश्यक बजेटको व्यवस्था गरको छु ।

**४. संस्कृति:**

सस्कृति संरक्षण तथा विभिन्न स्थानका सांस्कृतिक सम्पदा संरक्षण तथा यहाँको थारु समूदायका संस्कृति संरक्षणका लागि थारु संग्राहलय निर्माण, चाडपर्व, महोत्सव संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**५. यूवा, खेलकुद तथा मनोरञ्जन:**

दंगीशरण गाउँपालिकामा यूवा, मनोरञ्जन तथा खेलकुद विकासका लागि आवश्यक रकम विनियोजन गरेको छु । खेलकुद विकासका लागि गा.पा मा वडा स्तरीय खेलकुद प्रतियोगीता, खेलकुद सामाग्री वितरण कार्यक्रम संचालनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**६. लैगिक समानता तथा समावेशीकरण:**

लैगिक समानता र समावेशीकरणका लागि गाउँपालिकाको कार्यालयमार्फत कार्यक्रम संचालन गर्नका लागि जम्मा ३० लाख विनियोजन गरेको छु । यी कार्यक्रमहरुले लैङ्गिक हिंसा अन्त्य गर्न र सामाजिक न्याय स्थापित गर्न सहयोग पुर्याउनेछन् भन्ने विश्वास लिएको छु । लैगिक सशत्तिकरण, महिला, बालबालिका, दलित, जेष्ठ नागरिक, आदिवासी जनजाति लगायतका विछडिएका बर्गको उत्थानका लागि बजेटमा जोड दिएको छु ।

**ग) पूर्वाधार विकास**

**सवल अर्थतन्त्रको आधार: भौतिक पूर्वाधार**: भन्ने अवधारणा अनुरुप यस वर्ष **दंगीशरण गाउँपालिकाको पूर्वाधार विकासका लागि कूल ५ करोड १८ लाख ७३ हजार रुपैयाँ विनियोजन गरेको छु ।**

**१. सडक पुल तथा झोलंगे पुल**

यस वर्ष सडक, पुल तथा झोलुङ्गे पुलका लागि कूल २ करोड ५० लाख रुपैयाँ विनियोजन गरेको छु । यस आ.ब.मा गत आ.ब.का केही विशेष गौरवका आयोजनाहरुलाई निरन्तरता दिएको छु । दंगीशरण गा.पा.को वडा नं. ४ र ३ मा पर्ने बालुवा, हेकुली चौक हुँदै चिरेगारसम्म सडक कालोपत्रे, वडा नं. ५ मा वडा कार्यालय हुदै पोटली डवरा, हेकुली सडक कालोपत्रे, वडा नं. ६ को बागरदेखि दामोदर सडक कालोपत्रे, तथा वडा नं. २ मा दमारगाउँ सडक कालोपत्रे गर्ने गौरवका आयोजनाहरुका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**२. सिचाई:**

कृषि अर्थतन्त्रका लागि सिचाई महत्वपूर्ण अङ्ग हो भन्ने मान्यताका साथ यस वर्ष सिचाइका विभिन्न योजनामा कुल ८५ लाख रकम विनियोजन गरेको छु ।

कुलो निर्माण, लिप्ट सिचाई, डिप वोरिङ, सिचाई बाँधहरुको निर्माण गरी सिचाइँ सुचारु गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

**३. उर्जा:**

गाउँपालिकाका बस्तीहरुलाई उज्यालो बनाउन गाउँपालिकाले विकास र बिस्तारको लागि कूल १० लाख रकम विनियोजन गरेको छु । यस आर्थिक वर्षमा गाउँपालिका क्षेत्रमा विद्युत बिस्तारका लागि आवश्यक तार, पोल लगायतका सामाग्री खरिदका लागि आवश्यक रकम विनियोजन गरिएको छु ।

**४. भवन तथा सहरी विकास:**

**गाउँपालिका क्षेत्रभित्र व्यवस्थित भवन तथा सहरी विकासका लागि कूल १ करोड रकम विनियोजन गरेको छु ।**

गत आ.ब.मा निर्माण हुन नसकेका वडा कार्यालयको भवन निर्माण कार्यलाई निरन्तरता दिएको छु भने दंगीशरण गाउँपालिका भित्र बहुउद्देश्यीय सभाहल, तथा गाउँपालिकाको प्रशासकनीक भवन निर्माण गर्न यस आ.व मा पनि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**घ) वातावरण तथा विपद् व्यवस्थापन:**

वातावरण तथा विपद् व्यवस्थापन गर्न गाउँपालिका तथा वडा स्तरीय आयोजनाको लागि कूल ४७ लाख ५२ हजार रकम विनियोजन गरेको छु ।

**१. बन तथा भु-संरक्षण:**

बन तथा भु-संरक्षण अन्तर्गत यस बर्ष ५० हजार रकम विनियोजन गरेको छु ।

**२. विपद् व्यवस्थापन तथा आकस्मिक कार्य सञ्चालन:**

गाउँपालिका भित्र विपद् व्यवस्थापन तथा आकस्मिक कार्य सञ्चालनका लागि कूल ४५ लाख ५ हजार रकम विनियोजन गरेको छु । साथै विपद् व्यवस्थापन कोषका लागि १० लाख विनियोजन गरेको छु ।

कोरोना भाईरस नियन्त्रण तथा जनताको जिवन रक्षाका लागि ३० लाख रुपैया कोरोना कोषका लागि बजेट विनियोजन गरेको छु ।

**३. जलउत्पन्न प्रकोप नियन्त्रण:**

जलउत्पन्न प्रकोप नियन्त्रण गर्न विभिन्न स्थानमा तटबन्ध निर्माण, कटान नियन्त्रण लगाएतका आयोजना तथा कार्यक्रमको लागि कूल ५ लाख ५ हजार रकम विनियोजन गरेको छु ।

**ङ) संस्थागत विकास तथा सेवा प्रवाह सुशासन:**

दंगीशरण गाउँपालिकाको कार्यालय र वडा कार्यालयबाट प्रवाह गर्ने सेवा सुविधाहरु छिटो, छरितो, मितव्ययी एवं पारदर्शी रुपले प्रवाह गर्न, गाउँपालिकाको दैनिक कार्य सञ्चालन तथा अन्य प्रशासनिक कार्य, लक्षित वर्गका तालिम, कार्यक्रम, पदाधिकारी तथा कर्मचारीको तलव भत्ता लगायतका सेवा सुविधा तथा गाउँपालिकाको संस्थागत विकास, सेवा प्रवाह सुशासनका लागि कूल ७ करोड ६० लाख १५ हजार रुपैया विनियोजन गरेको छु ।

**१. चालु खर्च**

दंगीशरण गाउँपालिकाको दैनिक प्रशासनिक कार्य संचालन गर्न, कर्मचारी, पदाधिकारीहरुको तलब,भत्ता तथा अन्य प्रशासकीय कार्यका लागि चालु खर्च तर्फ ६ करोड ७१ लाख रुपैया विनियोजन गरेको छु ।

**२. पूजिगत खर्चः**

दंगीशरण गाउँपालिकाको संस्थागत क्षमता विकास तथा तथा सुशासनका लागि सवारी साधन खरिद, फर्निचर तथा मेसीनरी औजार खरिद तथा कार्यालय व्यवस्थापन लगायतका कार्यको लागि कूल ३५ लाख रकम विनियोजन गरेको छु ।

**३. स्थानीय तथ्यांक र अभिलेखन व्यवस्थापनः**

दंगीशरण गाउँपालिकाको तथ्यांक अभिलेख व्यवस्थापनका लागि ५० हजार रकम विनियोजन गरेको छु ।

**४. संस्थागत शुसासन**

वडा तथा गाउँपालिका कार्यालयको संस्थागत शुशासनका कायम गर्नका लागि ४४ लाख रकम विनियोजन गरेको छ ु।

**५. अन्यः**

यस शिर्षक अन्तर्गत डोजर टेक्टर संचालनका लागि १० लाख रुपैया विनियोजन गरेको छु ।

**अध्यक्ष महोदय,**

अन्त्यमा,

दंगीशरण गाउँपालिकाले लामो गृहकार्य र अथक मेहनतका साथ तयार पारेको यो बजेट तथा कार्यक्रममा चाहेर पनि धेरै योजनाहरु छुटेका छन् । सीमिति स्रोत र असीमित आवश्यकताको सीमामा रहेर जतिसुकै मेहनत गर्दा पनि जनताका सबै अपेक्षा पूरा गर्न कठिनाइ हुँदो रहेछ । जनताका बृहत्तर अपेक्षाको संवोधन गर्न दंगीशरण गाउँपालिका सदैव प्रयत्नशील रहनेछ ।

बजेट तर्जुमाका क्रममा महत्वपूर्ण सल्लाह तथा मार्गदर्शन गर्नुहुने गाउँपालिकाका अध्यक्ष ज्यू, अथक मेहनत र परिश्रम गर्नुहुने सम्पूर्ण वडा अध्यक्षज्यूहरु, सम्पूर्ण विषयगत समितिका संयोजकज्यूहरु, कार्यपालिकाका सम्पूर्ण सदस्यहरु तथा गाउँसभाका सदस्यज्यूहरु तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

बजेटको अर्थपूर्ण कार्यान्वयनका लागि सम्पूर्ण दंगीशरणवासी जनता, राजनीतिक दल, बुद्दिजिवी, समाजसेवी पत्रकार विभिन्न पेसा व्यवसायी तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारी सबै पक्षको साथ सहयोग र सहकार्य रहनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद !

पिमा कुमारी खड्का ओली
उपाध्यक्ष

**मितिः २०७७ साल असार १० गते बुधबार**